# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७५/२०८१/०८२
# मितिः २०८२।०३।३२ गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ७५ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्नामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः विहान ९.०० बजे।**

**तपसिल**

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठक समिक्षा सम्बन्धमा। | १ |
| आ.व.२०८२।०८३ को विनियोजन विद्येयक,२०८२ पारित गर्ने सम्बन्धमा। | २ |
| आ.व.२०८२।०८३ को आर्थिक विद्येयक,२०८२ पारित गर्ने सम्बन्धमा। | ३ |
| आ.व.२०८१।०८२ को योजना तथा अनुगमन समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा। | ४ |
| आ.व.२०८१।०८२ को न्यायिक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा। | ५ |
| आवाधिक योजना निर्माण पारित गर्ने सम्बन्धमा। | ६ |
| आन्तिरक नियन्त्रण प्रणाली पारित गर्ने सम्बन्धमा। | ७ |
| राजस्व सुधार कार्ययोजना पारित गर्ने सम्बन्धमा। | ८ |
| कर्मचारीहरुको तहवृद्धि सम्बन्धमा। | ९ |
| कानेपोखरी गाउँ कार्यपालिका बैठक अनुमोदन गर्ने सम्बन्धमा। | १० |
| कानेपोखरी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका,२०८२ संशोधन सम्बन्धमा। | ११ |
| कानेपोखरी गाउँपालिकाका कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि,२०८२ | १२ |
| विविध। | १३ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०३।३१ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष   १ नं. वडा अध्यक्ष   २ नं. वडा अध्यक्ष   ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष   ५ नं. वडाध्यक्ष   ६ नं. वडा अध्यक्ष   ७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरुः**

पदम कुमारी कार्की   साउनी माझी   सुशिला श्रेष्ठ   प्रमिला परियार

झपटुलाल राजबंशी   सुफल मुर्मु सतार   सावित्रा चौधरी

**श्री**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७५/२०८१/०८२

## मितिः २०८२।०३।३२ गते बसेको बैठक

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०३।३२

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ९.०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री शुशिल बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्ग बहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |
| १७. | श्री सावित्रा चौधरी | का.वा.वडाध्यक्ष, वडा नं.२ | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७५/२०८१/०८२
## मितिः २०८२।०३।३२ गते बसेको बैठक

अन्य उपस्थितिः-

| | | | |
|---|---|---|---|
| १. | श्री अलङ गुरुङ | सूचना तथा प्र.अ. | |
| २. | श्री कृष्णबहादुर दास | | |
| ३. | श्री राजकुमारी तामाङ | | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७५/२०८१/०८२
## मितिः २०८२।०३।३२ गते बसेको बैठक

**निर्णय नं.(१)**

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कार्यपालिका बैठकको गणपूरक संख्या पुरा भएको हुँदा बैठक संचालन प्रक्रिया अघि बढाई अघिल्लो बैठकका निर्णयहरुको छलफल तथा विश्लेषण गरियो।

**निर्णय नं.(२)**

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले सोही ऐनको दफा ६६ मा व्यवस्था भएको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन एवम् बजेट सिलिङ बमोजिम मस्यौदा तयार भई गाउँपालिकाको अध्यक्षज्यू समक्ष पेश गरेको "कानेपोखरी गाउँपालिकाको विनियोजन विद्येयक,२०८२" को मस्यौदा १८ औं गाउँसभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(३)**

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६५ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०८२।०३।०९ गते बसेको बैठकले आगामी आर्थिक वर्ष २०८२।०८३ का लगि सोही ऐनले निर्धारण गर्ने क्षेत्रधिकारभित्र गाउँपालिकाले लगाउन सक्ने कर तथा गैंर करको दर र दायरा सम्बन्धी विषय समावेश गरी तयार गरेको "कानेपोखरी गाउँपालिकाको आर्थिक विद्येयक, २०८२" को मस्यौदा १८ औं गाउँसभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(४)**

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको योजना तथा अनुगमन समितिबाट पेश भएको आ.व.२०८१।०८२ मा सम्पन्न भएको योजना तथा कार्यक्रमहरुको प्रतिवेदन १८ औं गाउँसभा अधिवेशनबाट स्वीकृत लागि पेश निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(५)**

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको न्यायिक समितिबाट पेश भएको आ.व.२०८१।०८२ को "न्यायिक समितिको प्रतिवेदन,२०८२" १८ औं गाउँसभाको अधिवेशनबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.(६)**

प्रस्ताव नं.(६)का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाले प्रदेश प्रशिक्षण प्रतिष्ठानको लगानीमा निर्माण गरेको आवधिक योजना "कानेपोखरी गाउँपालिका, प्रथम आवधिक योजना,२०८२/८३-२०८६/८७" आगमी १८ औं गाउँसभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७५/२०८१/०८२
# मितिः २०८२।०३।३२ गते बसेको बैठक

## निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाले निर्माण गरेको आन्तरिक नियन्त्रण प्रणाली १८ औं गाउँसभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(८)

प्रस्ताव नं.(८) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाले निर्माण गरेको राजस्व सुधार कार्ययोजना १८ औं गाउँसभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(९)

प्रस्ताव नं.(९) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको तहवृद्धि समितिको सिफारिस भएका तपसिल बमोजिमको कर्मचारीहरुको तहवृद्दि गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| **अधिकृत तहबाट तह वृद्धि भएका कर्मचारीहरुः** | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कर्मचारीहरुको नाम,थर | हालको सेवा समूह,उपसमूह | हालको पद तह | तहवृद्धि भएको तह |
| १ | श्री चूडामणि रेग्मी | शिक्षा/शिक्षा प्रशासन | अधिकृत सातौं | अधिकृत आठौं |
| **सहायक तहबाट तह वृद्धि भएका कर्मचारीहरुः** | | | | |
| २ | श्री गुरुद्वारा सिं भट्टराई | प्रशासन/सामान्य प्रशासन | सहायक पाँचौ | अधिकृत छैठौं |
| ३ | श्री दिपेश थापा मगर | प्रशासन/विविध | सहायक पाँचौ | अधिकृत छैठौं |
| ४ | श्री नारायण दंगाल | प्रशासन/लेखा | सहायक पाँचौ | अधिकृत छैठौं |
| ५ | श्री भेषराज घिमिरे | ईन्जिनियरिङ/सिभिल | सहायक पाँचौ | अधिकृत छैठौं |
| ६ | श्री रमेश काफ्ले | शिक्षा/शिक्षा प्रशासन | सहायक पाँचौं | अधिकृत छैठौं |
| ७ | श्री सिमा बस्नेत | ईन्जिनियरिङ/सिभिल | सहायक पाँचौ | अधिकृत छैठौं |

## निर्णय नं.(१०)

प्रस्ताव नं.(१०) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको बैठक र निर्णयहरु अनुमोदनको लागि १८ औं गाउँसभा अधिवेशनको दोस्रो बेठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| क्र.सं. | बैठक संख्या | मिति | कैफियत |
|---|---|---|---|
| १ | २/५३/२०८१/०८२ | २०८१।०५।१९ | |
| २ | २/५४/२०८१/०८२ | २०८१।०६।०६ | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७५/२०८१/०८२
## मितिः २०८२।०३।३२ गते बसेको बैठक

| | | | |
|---|---|---|---|
| ३ | २/५५/२०८१/०८२ | २०८१।०६।१७ | |
| ४ | २/५६/२०८१/०८२ | २०८१।०७।०५ | |
| ५ | २/५७/२०८१/०८२ | २०८१।०८।२३ | |
| ६ | २/५८/२०८१/०८२ | २०८१।०९।२२ | |
| ७ | २/५९/२०८१/०८२ | २०८१।०९।२२ | |
| ८ | २/६०/२०८१/०८२ | २०८१।१०।०९ | |
| ९ | २/६१/२०८१/०८२ | २०८१।११।०८ | |
| १० | २/६२/२०८१/०८२ | २०८१।११।१३ | |
| ११ | २/६३/२०८१/०८२ | २०८१।११।२५ | |
| १२ | २/६४/२०८१/०८२ | २०८१।१२।१६ | |
| १३ | २/६५/२०८१/०८२ | २०८१।१२।२६ | |
| १४ | २/६६/२०८१/०८२ | २०८१।१२।२९ | |
| १५ | २/६७/२०८१/०८२ | २०८२।०१।१६ | |
| १६ | २/६८/२०८१/०८२ | २०८२।०१।२६ | |
| १७ | २/६९/२०८१/०८२ | २०८२।०१।३१ | |
| १८ | २/७०/२०८१/०८२ | २०८२।०२।०८ | |
| १९ | २/७१/२०८१/०८२ | २०८२।०३।०३ | |
| २० | २/७२/२०८१/०८२ | २०८२।०३।०६ | |
| २१ | २/७३/२०८१/०८२ | २०८२।०३।१० | |
| २२ | २/७४/२०८१/०८२ | २०८२।०३।११ | |
| २३ | २/७५/२०८१/०८२ | २०८२।०३।३२ | |

### निर्णय नं.(११)

प्रस्ताव नं.(११) का सम्बन्धमा छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षज्यूबाट नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका,२०८२ पहिलो संशोधन मस्यौदा तयार भई आएको उक्त निर्देशिकामा दफावार छलफल गरी पेश भए बमोजिम १८ औं गाउँसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

### निर्णय नं.(१२)

प्रस्ताव नं.(१२) का सम्बन्धमा छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षज्यूबाट नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी "कानेपोखरी गाउँपालिकाका कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि,२०८२" मस्यौदा तयार भई आएको उक्त कार्यविधिमा दफावार छलफल गरी १८ औं गाउँसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७५/२०८१/०८२
# मितिः २०८२।०३।३२ गते बसेको बैठक

**निर्णय नं.(१३)**

प्रस्ताव नं.(१३) का सम्बन्धमा विविध बुँदामा छलफल भई निर्णय गर्न भनि सर्वसम्मतबाट पारित गरियो।

१. यस कानेपोखरी गाउँपालिका कार्यालयमा, नगर प्रहरीको पदमा कार्यरत थिर बहादुर कट्टवाल कार्यालयको समयमा मोटरसाईकल दुर्घटना भएको हुँदा औषधी उपचार खर्च बापत रकम रु.५०,०००।- दिने निर्णय गरियो।